.3

**स्थानीय राजपत्र**

चन्द्रपुर नगरपालिकाद्धारा प्रकाशित

भाग : १० संख्या: ३ मिति: २०८३/०४/१२

भाग -२

# चन्द्रपुर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८३

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर कार्यपालिकावाट स्विकृत गरेको कार्यविधि सर्वसाधरणको लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकासन गरीएको छ ।

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०९
प्रमाणीकरण मितिः २०८३/०३/१५
राजपत्रमा प्रकाशित मिति: २०८३/०४/१२

**प्रस्तावना:** लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनस्थापना गरी महिला बनाई प्रभावितहरुलाई बिरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय क्षतिपूर्ति दिलाउने साथै स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अबसर दिलाई लैंगिक समानता कायम गर्न सहयोग पुग्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र लैगिक हिंसा निवारण कोष (दोस्रो संशोधन) नियमावली २०७६ को मूल नियमावलीको नियम (३) (ख) ले दिएको अधिकार प्रयोग गरी नगरपालिका नगरकार्यपालिकाले कार्यविधि बनाइ लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम चन्द्रपुर नगरपालिका लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि,२०८३ रहेको छ

(२) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेपछि लागू हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा** :

(क)"कार्यालय" भन्नाले चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) ”पीडित“ भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ।

(घ) ”समिति”भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ।

(ङ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक क्रीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ।

(च)”नियमावली” भन्नाले लैंगिक हिंसा निवारण कोष संचालन २०६७ र लैगिंक हिंसा निवारण कोष संचालन (दोस्रो संशोधन) २०७६ सम्फनुपर्छ।

(छ) ”कार्यविधि” भन्नाले नगरपालिका नगरपालिकाले जारी गरेको लैगिंक हिसा निवारण कोष संचालन कार्यविधि २०८३ सम्फनु पर्छ।

## परिच्छेद - २

## कोषको स्थापना, उपयोग, सञ्चालन तथा व्यवस्थापन

**३. कोषको स्थापना :**

१. लैडिक हिसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ।

२ कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) नगरपालिकाले कोष परिचालनका लागि छुट्टघाएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ सस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा सघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(४) कोषको खाताको सञ्चालन नगरपालिकाको नियम बमोजिम हुनेछ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला हक हितको क्षेत्रमा नगरपालिकाको क्षेत्रभित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सस्थाले वार्षिक रूपमा गर्ने खर्चको नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

**५. कोषको उपयोग : (**१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि व्यवसाय स्थापना खर्च रकम अनुदान (बीउ पुजी) को रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनस्थापना गराउन,

(छ) नगरपालिका विपक्षी भएको लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन।

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित वालवालिका तथा किशोर किशोरी वा लैङ्गिक हिसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:-**

(१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

**७. स्थानीय तहमा तत्काल उद्धार तथा राहत समितिको गठन :**(१) लैगिंक हिंसा निवारण कोष संचालन दोस्रो संशोधन नियमावली २०७६ नियम २ को उपनियम २ खण्ड ग १ बमोजिम कोषको संचालन तथा व्यवस्थापन गर्ने कामकाजका लागि एक स्थानीय तत्काल उद्धार तथा राहत समिति रहनेछ।

**(२) समितिको गठन देहाय बमोजिम हुनेछ:**

(क) न्यायिक समिति संयोजक - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(घ) नगर प्रहरी प्रमुख - सदस्य

(ङ) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै.स.सस्था मध्येबाट स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोकेको प्रतिनिधि १ जना - सदस्य

(च) ईलाका प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

(छ) एकद्वार संकट व्यवस्थापन केन्द्रका प्रतिनिधि - सदस्य

(ज) महिला तथा वालवालिका शाखा प्रमुख - सदस्य

(झ) कानून तथा न्याय शाखा प्रमुख - सदस्य सचिव

**८. समितिको काम कर्तव्य स्थानीय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -**

(क) पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने।

(ख) राहत तथा आर्थिक सहयोग सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने।

(ग) लैगिक हिंसा हुन नदिनका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने

(घ) स्थानीय स्तरमा लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु वीच समन्वय गर्ने।

(ङ) स्थानीय स्तरमा लैगिंक हिंसामा परेका महिला, किशोरी तथा बालवालिकाको तत्काल उद्धार तथा सरक्षण गर्ने

(छ) नगर क्षेत्र भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ञ) कोष बुद्धिका लागि श्रोतको खोजी गर्ने

(ट) लैङ्गिक हिंसा निवारण सम्बन्धि अन्य काम गर्ने वा गराउने।

**९. समितिको बैठक**

१. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

२. समितिको बैठक सयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगाडि समितिका सदस्य सचिवले बैठकमा छलफल हुने गरी कार्यसुची सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

४. समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

५. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

६. समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

७. समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कने व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

८. समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कोषमा रकम उपलब्ध गराउनेः**

पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि नगरपालिकाले कोपको नाममा रकम निकासा गरिदिनेछ ।

## परिच्छेद ३

## वित्तिय व्यवस्थापन

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ:

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयां र बास बस्नु पर्ने भए मां बापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयांको दरले बढीमा पांच हजार रुपैयां,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सग समन्वय गरी अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन पांच सय रुपैयां उपचार खर्च समेत गरी बढीमा छ हजार पांच सय रुपैयामा नबढ्ने गरी

लागेको यथार्थ उपचार खर्च । पीडितसंग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ .

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पांच हजार रुपैयांमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनस्थापनाको लागि बढीमा पांच हजार रुपैयां,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि प्रकृति हेरी बढीमा दश हजार रुपैया सम्म दिन सकिनेछ।

उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कायर्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई थप दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेछ**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुची (१) बमोजिमको ढांचामा समितिमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर समितिले जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा ११ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराईनेछ।

**१३. तत्काल रकम उपलव्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको संयोजकले सो प्रयोजनका लागि कोषबाट पचास हजार रुपैयाँमा नबढ्ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने समितिको बैठकबाट सो बिषयको अनुमोदन गराउनु पर्नेछ।

**(१४) थप रकम नर्न सक्ने:**

(१) समितिको नाममा निकासा भएको रकम अपर्याप्त भएमा समितिले सो को कारण खुलाई नगरपालिका संग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) वमोजिम थप रकम माग भई आएमा महानगरपालिकाले समितिको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ।

## परिच्छेद -४
## विविध

**१५. छुट्टै खाता खोल्नु पर्ने :** स्थानीय तहले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

**१६. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१७. आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति रिभल्भीङ कोषको रुपमा रहनेछ।

**१८. प्रतिवेदन पेश गर्नेः (**१) समितिले प्रत्येक चौमासिक तथा बार्षिक रुपमा सो समितिबाट भए गरेका काम कारबाहीको प्रतिबेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१९. बैठक भत्ता :** समितिका संयोजक बा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोकिए बमोजिमको बैठक भत्ता बापत पाउनेछन्।

**२०. निर्देशन दिन सक्ने :** (१) नगर कार्यपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नछ।

**(२१) खारेजी र बचाउः** (१) देहायको कार्यविधि खारेज गरिएको छ। लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८

(२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूची- १**
**(नियम १४ को उपनियम (१) सँग सम्मन्धित)**

**मिति:**

**विषय: सहयोग उपलब्ध गराई पाउँ।**

**श्री संयोजक ज्यू,**
**स्थानीय तत्काल उद्धार तथा राहत समिति**
**चन्द्रपुर नगरपालिका रौतहट**।

म................................ मा बस्ने वर्ष........... को मिति..................... मा लैङगिक हिंसा हिंसाबाट पिडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ। उपर लैङ्गिक हिसां................................... भएको कारणले मेरो मानसिक /शारीरिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा औषधी, उपचार कानुनीसहायता/, परामर्श /उद्धार /मनोविमर्श/ स्वरोजगार /पुर्नस्थापना अन्य कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदकको,
नाम, थर
ठेगाना
दस्तखत
मिति

आज्ञाले
बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत